नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

क. मकवानपुर जिल्लाभित्र कोभिड-१९ संक्रमणको दर क्रमश: न्यून हुँदै गएको हुँदा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम **मिति २०७८ साल असोज १५ गते शुक्रबार राती १२:०० बजेदेखि अर्को आदेश जारी नभएसम्मका लागि यस मकवानपुर जिल्लाभर** निम्न बमोजिम हुने गरी आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

देहाय:-

१. अत्यावश्यक काम परी घरबाहिर निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने ।

२. पसल, व्यवसाय, उद्योग तथा कलकारखाना, सार्वजनिक यातायात सञ्चालन गर्दा अनिवार्य रूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता गरी, गराई सञ्चालन गर्ने ।

३. सभा, गोष्ठी, तालिम, सेमिनार र विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरू भिडभाड नहुने सुनिश्चित गरी न्यूनतम सहभागितामा जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी गर्न सकिने ।

४. चाडपर्वहरू जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी न्यूनतम सहभागितामा सांकेतिकरूपमा मात्र मनाउने । धार्मिक प्रतिष्ठानहरूमा धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने ।

५. मेला, महोत्सव, सांगितिक तथा सांस्कृतिक कार्यक्रम गर्न नपाइने ।

६. विद्यालयमा भौतिक उपस्थितिमा पठन पाठन सञ्चालन गर्ने सम्बन्धमा अभिभावकहरूको सहमतिमा विद्यालय व्यवस्थापन समितिको सिफारिस बमोजिम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लेखित मापदण्ड पूरा गर्ने गरी सम्बन्धित स्थानीय तहले स्वीकृत गरी सञ्चालन गर्ने ।

७. सरकारी तथा गैरसरकारी, बैंक तथा वित्तिय संस्था र सहकारीहरूले जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी सेवा सञ्चालन गर्ने ।

८. पसल, व्यवसाय, उद्योग तथा कलकारखाना, सार्वजनिक यातायात र विद्यालय सञ्चालनका क्रममा जनस्वास्थ्यका मापदण्डहरू पालना नभएको पाइएमा अनुगमन समितिको सिफारिसमा पालना नगर्नेलाई आदेश अवधिभरको लागि बन्द गराइने ।

९. सामाजिक संघ/संस्थाहरु, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजको समन्वयमा माक्स अभियान नियमित रुपमा सञ्चालन गर्ने ।

ख. माथि उल्लेखित बुँदाहरूमा आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

ग. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ५८९, मिति २०७८-०६-१० को पत्रसाथ प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८-०६-०५ को कोभिड-१९ सम्बन्धी विषयको निर्णय बैठकमा जानकारी तथा छलफल भयो ।

२०७८।६।१४

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी